# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालसँग IMF Staff Visit Mission मा रहेको IMF प्रतिनिधि मण्डलद्वारा शिष्टाचार भेटवार्ता



गभर्नर डा. चिरंजीबि नेपालसँग IMF Staff Visit Mission का क्रममा नेपाल भ्रमणमा रहेको अन्तराष्ट्रिय मुद्रा कोष (IMF) को Gerard J. Almekinders को नेतृत्वमा आएको प्रतिनिधिमण्डलले चैत्र २२ गते उहाँको कार्यकक्षमा शिष्टाचार भेटवार्ता गऱ्यो । भेटवार्ताका अवसरमा मिसन प्रमुख Gerard ले भूकम्प तथा आपूर्ति व्यवस्थामा भएको व्यवधान पश्चात् नेपालको आर्थिक अवस्थाका बारेमा चासो राख्नुभएको थियो । सो क्रममा उहांले मुद्रास्फिति तथा उच्च तरलताको स्थीति एवं असहज अवस्थामा बैकिंग क्षेत्रको मुनाफामा पर्ने असर र निष्क्रिय कर्जाका बारेमा जिज्ञासा राख्नुभएको थियो ।

भेटवार्ताका क्रममा गभर्नर डा. नेपालले देशको वर्तमान आर्थिक स्थितिका बारेमा जानकारी गराउनुहुंदै हाल अर्थतन्त्र सामान्य अवस्थामा फर्किसकेकाले यस आर्थिक बर्षको अन्त्यसम्म मुद्रास्फिति एकल अंकमा झर्ने र अन्य सूचकहरुमा समेत सुधार आउने उल्लेख गर्नुभयो । सो क्रममा उहाँले विप्रेषण आप्रवाहमा वृद्धि तथा कर्जा प्रवाहमा आएको सुस्तताले बैंकिंग प्रणालीमा उच्च तरलताको स्थीति रहेको बताउनुहुंदै हाल आर्थिक कारोबार बढ्न थालेकाले कर्जा प्रवाह बढ्ने एवं सरकारको पूँजीगत खर्च बढी तरलतामा सुधार आउने उल्लेख गर्नुहुंदै यसका बाबजुद पनि उच्च तरलताको अवस्था कायम रहेमा उपयुक्त मौद्रीक उपकरण प्रयोग गरी तरलता प्रशोचन गरिने जानकारी गराउनुभयो । साथै, यस सम्बन्धमा विस्तृत अध्ययन गरी आवश्यक सुझाब दिन हाल IMF को Liquidity Technical Assistance Mission समेत नेपाल भ्रमणमा रहेको उहाँले बताउनुभयो ।

सोही क्रममा उहांले असहज अवस्थामा बैंकिंग प्रणालीलाई सुरक्षित राख्दै जनविश्वास कायम राख्न केन्द्रीय बैंक तथा नेपाल सरकारको तर्फबाट बैंक तथा वित्तीय संस्थाहरुलाई केही सहुलियतहरु प्रदान गरिएको भएता पनि अर्थतन्त्र सामान्य अवस्थामा फर्केकाले सहुलियतहरुलाई निरन्तरता नदिइने उल्लेख गर्दै विगत जस्तो असहज परिस्थिति नरहेकाले बैंकिंग प्रणालीको स्वास्थ्यमा नकरात्मक असर नपर्ने तथा बैंकिंग प्रणालीको स्थायित्वमा नेपाल राष्ट्र बैंक सजग रहेको र जोखीममा आधारित सुपरिवेक्षणका माध्यमबाट बैंक तथा वित्तीय संस्थाहरुलाई निगरानी गरिरहेको बताउनुभयो ।

प्रतिनिधि मण्डलमा IMF का तर्फबाट Masayoshi Chida र Yu Ching Wong समेत सहभागि हुनुहुन्थ्यो । यसै गरी नेपाल राष्ट्र बैंकका तर्फबाट डेपुटी गभर्नरद्वय चिन्तामणी शिवाकोटी र शिवराज श्रेष्ठ लगायत कार्यकारी निर्देशकहरुको समेत उपस्थिति रहेको थियो ।

२०७२ चैत्र २२, सोमबार

गभर्नरको कार्यालय